बागमती प्रदेश सरकार
**प्रदेश नीति तथा योजना आयोग**
हेटौंडा, नेपाल
फोनः ०५७-५२५१३१, ५२३६८९, ५२४८५४
इमेलः pradeshyojanahtd@gmail.com
वेवसाइटः pppc.bagamati.gov.np

## बागमती प्रदेशको

# दोस्रो आवधिक योजना

## (आ.व. २०८१/८२-२०८५/८६)

# अवधारणा-पत्र




बागमती प्रदेश सरकार
**प्रदेश नीति तथा योजना आयोग**
हेटौंडा, नेपाल
२०८०

# बागमती प्रदेशको
# दोस्रो आवधिक योजनाको
# (आ.व. २०८१/८२-२०८५/८६)

# अवधारणा-पत्र




बागमती प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

हेटौंडा

२०८०

# विषय सूची


१ पृष्ठभूमि ........ १

२ आवधिक योजनाको औचित्य ........ १

३ पहिलो आवधिक योजनाको संक्षिप्त समीक्षा ........ २

३.१ परिमाणात्मक लक्ष्य, उपलब्धि र भिन्नताहरू ........ २

३.२ योजना पूर्ण रूपमा कार्यान्वयन नहुनुका प्रमुख कारणहरू ........ ४

४ मूलभूत सवाल, चुनौती र सुधार गर्नुपर्ने विषयहरू ........ ५

४.१ योजनाका मूल सवाल ........ ५

४.२ योजना कार्यान्वयनका प्रमुख चुनौतीहरू ........ ११

४.३ सुधार गर्नुपर्ने विषयहरू ........ १२

५ दोस्रो आवधिक योजनाको समष्टिगत खाका ........ १३

५.१ सोच/परिदृश्य ........ १३

५.२ लक्ष्य ........ १३

५.३ उद्देश्य ........ १३

५.४ प्रमुख रणनीतिहरू ........ १४

५.५ विकासका प्रमुख चालकहरू ........ १५

६ अपेक्षित उपलब्धिहरू ........ १७

७ विषय क्षेत्रगत र मन्त्रालयगत लक्ष्य र नतिजा खाका ........ १९

८ अवधारणा–पत्र तर्जुमा विधि ........ २०

९ कार्ययोजना र योजनाको रूपरेखा ........ २०

९.१ कार्ययोजना ........ २०

९.२ योजनाको रूपरेखा ........ २२

अनुसूची १ ........ २५

## १ पृष्ठभूमि

नेपालले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानबमोजिम शासकीय स्वरुपलाई सङ्घ, प्रदेश र स्थानीय तहमा पुनसंरचना गरी तहगत सरकारहरूले आफ्ना नागरिकको आवश्यकता र आकाङ्क्षा पूरा गर्न नीति, योजना र कार्यक्रमहरू तर्जुमा तथा कार्यान्वयन गरिरहेका छन् । बागमती प्रदेश सरकारले पनि 'सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश' दीर्घकालीन सोचसहितको पहिलो आवधिक योजना (आर्थिक वर्ष २०७६/०७७ – २०८०/०८१) तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ । यस योजनामा पन्ध्रौ योजनाले स्थापित गरेको 'समृद्ध नेपाल सुखी नेपाली'को दीर्घकालीन राष्ट्रिय लक्ष्यको अभिन्न भागका रुपमा पाँच वर्षको अवधिमा प्रदेशले हासिल गर्ने प्रमुख उपलव्धिहरू उल्लेख गरिएका छन् । पहिलो आवधिक योजना भएकोले प्रदेश तहमा योजनावद्ध विकासमा यो पहिलो प्रयास भएकोले आफ्नै विशिष्ट कठिनाइहरू थिए। आर्थिक वर्ष २०८०/०८१ सम्म कार्यावधि रहेको योजनाको मध्यावधि समीक्षा पनि भैसकेको छ जसले केही उपलव्धिहरू हासिल भएको र केही पक्षमा सुधार गर्नुपर्ने विषयहरू उल्लेख गरेको छ।

## २ आवधिक योजनाको औचित्य

बागमती प्रदेश भूगोल, जाति, भाषा, धर्म, संस्कृति र आर्थिक अवस्थाका हिसाबले विविधतायुक्त छ। सङ्घीय राजधानी र देशको कुल गार्हस्थ्य उत्पादनमा एकतिहाईभन्दा बढी योगदान गर्ने प्रदेशसमेत भएकोले यो विशिष्ट प्रदेश पनि हो। नेपालको संविधानले प्रदेशहरूको एकल र साझा अधिकार सूची प्रस्तुत गरेको छ। संविधानमा उल्लिखित राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्वहरूको पालना गर्नु प्रदेशको पनि कर्तव्य हो । सन् २०३० सम्ममा पूरा गर्नु पर्ने दिगो विकास लक्ष्यको प्रादेशिक मार्गचित्र, प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूका घोषणा पत्र र प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रमहरूमा उल्लेख गरेका दीर्घकालीन योजना र विषय क्षेत्रगत गुरुयोजना तथा रणनीतिहरूलाई योजनाबद्ध रूपमा कार्यान्वयन गर्नु पर्ने अर्को जिम्मेवारी पनि प्रदेश सरकारको रहेको छ । यी जिम्मेवारीहरू पूरा गरिरहँदा प्रदेशमा उपलब्ध अवसर, स्रोत र साधनहरूलाई

न्यायोचित ढङ्गबाट विनियोजन गरी आम नागरिकको जीवनस्तरमा सुधार ल्याउनु जरूरी छ । यतिमात्र होइन सङ्घीयता कार्यान्वयनका प्रदेश सामु केही चुनौतीहरू पनि रहेका छन् जसलाई सम्बोधन नगरी अपेक्षित उपलब्धिहरू हासिल गर्न सकिदैन । यी सबै कार्यहरूलाई एकीकृत र तार्किक ढाँचामा योजनाबद्ध रूपले सम्बोधन गर्नु अहिलेको आवश्यकता हो । यही आवश्यकतालाई पूरा गर्नका लागि दोस्रो आवधिक योजना तर्जुमा गर्ने प्रक्रिया अगाडि बढाइएको हो ।

## ३ पहिलो आवधिक योजनाको संक्षिप्त समीक्षा

### ३.१ परिमाणात्मक लक्ष्य, उपलब्धि र भिन्नताहरू

पहिलो आवधिक योजनाको परिमाणात्मक लक्ष्य, प्राप्त उपलब्धि र भिन्नताहरूको अवस्था तालिका ३.१ प्रस्तुत गरिएको छ।

**तालिका ३.१ परिमाणात्मक लक्ष्य, उपलब्धि र भिन्नताहरू**

| सूचकहरू | आधार वर्ष * | लक्ष्य * | लक्ष्य * | उपलब्धि | भिन्नता १ | भिन्नता २ | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|
| | २०७५/०७६ | २०७९/०८० | २०८०/०८१ | २०७९/०८० | | | |
| (क) | (ख) | (ग) | (ग) | (घ) | {ङ=(घ)-(ख)} | {ङ=(घ)-(ग)} | |
| कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर (प्रतिशत) | ५.१३* | १०.३ | १०.६ | १.७७ | –३.३६ | –८.५३ | राष्ट्रिय लेखा |
| कृषि क्षेत्रको उत्पादन वृद्धिदर | ३.३* | ५.७ | ५.७ | २.७ | –०.६ | –३ | राष्ट्रिय लेखा |
| उद्योग क्षेत्रको उत्पादन वृद्धिदर | ६.४* | १३.१ | १४.९ | ०.४ | –६ | –१२.७ | राष्ट्रिय लेखा |
| सेवा क्षेत्रको उत्पादन वृद्धिदर | ५.३* | १०.७ | ११ | १.८ | –३.५ | –८.९ | |
| कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान (प्रतिशत) | ११.९ | ११.५४ | ११ | ११.९ | ० | ०.३६ | राष्ट्रिय लेखा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनमा द्वितीय क्षेत्रको योगदान (प्रतिशत) | ११.७ | १४.१८ | १४.७ | १०.७ | –१ | –३.४८ | राष्ट्रिय लेखा |
| कुल गार्हस्थ्य उत्पादनमा तृतीय क्षेत्रको योगदान (प्रतिशत) | ७६.४ | ७४.३ | ७४.३ | ७७.४ | १ | ३.१ | राष्ट्रिय लेखा |
| निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या (प्रतिशत) | | | | | | | लु.प्र. आ.स. ०७९/८० |
| बहुआयामिक गरिबीको दर (प्रतिशत) | १२.२ | ९.३ | ९ | ७ | –५.२ | –२.३ | लु.प्र. आ.स. ०७९/८० |
| प्रतिव्यक्ति आय (अमेरिकी डलर) | २१७९ | २८०२ | ३०८७ | २४५५ | २७६ | –३४७ | राष्ट्रिय लेखा |
| मानव विकास सूचकाङ्क | ०.६४१ | ०.६६५ | ०.६७१ | ०.६६१ | ०.०२ | –०.००४ | NHDR, 2020 |
| पाँच वर्षमाथिको साक्षरता दर | ७५ | ९२.६ | ९७ | ८२.१ | ७.१ | –१०.५ | जनगणना, २०७८ |
| साक्षरता दर (१५ वर्ष माथि) | ६९ | ८९.८ | ९५ | ७८.९ | ९.९ | –१०.९ | जनगणना, २०७८ |
| साक्षरता दर (१५-२४ वर्ष) | ९३ | ९८.६ | १०० | ९७.८ | ४.८ | –०.८ | जनगणना, २०७८ |

* आधारवर्ष परिवर्तन भएका कारण आवधिक योजनामा उल्लेख भए भन्दा केही फरक पर्न गएको।

पहिलो आवधिक योजना कार्यान्वयनको पहिलो वर्षमा कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर ३.७७ प्रतिशतले नकारात्मक हुन पुगेको थियो। योजनामा आ. व. २०७९/०८० को कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर १०.३ प्रतिशत हुने अनुमान गरिए पनि वास्तविक वृद्धिदर १.७७ प्रतिशतमात्र हुन पुगेको छ। यही अवस्था रहेमा योजना कार्यान्वयनको अन्तिम वर्ष आ. व. २०८०/०८१ का लागि प्रक्षेपित १०.६ प्रतिशतको वृद्धिदरको लक्ष्य हासिल हुने देखिदैन। कुल गार्हस्थ्य उत्पादनमा कृषि र उद्योग क्षेत्र दुबैको योगदानमा ह्रास आएको छ। मानव विकास सूचकाङ्कमा

भने लक्ष्य नजिक पुगेको देखिन्छ। माथिको तालिकाले पहिलो आवधिक योजनामा उल्लिखित धेरैजसो लक्ष्यहरूको उपलब्धिहरू अपेक्षा गरेबमोजिम प्राप्त हुन नसकेको तथ्यलाई उजागर गरेको छ । यस तथ्यले अन्य पक्षहरूका अतिरिक्त पहिलो आवधिक योजनाको कार्यान्वयन पक्ष पनि अपेक्षाकृत रूपमा कमजोर रहेको बुझाउँछ ।

## ३.२ योजना पूर्ण रूपमा कार्यान्वयन नहुनुका प्रमुख कारणहरू

पहिलो आवधिक योजना पूर्णरूपमा कार्यान्वयन हुन नसक्नुका प्रमुख कारणहरू देहाय बमोजिम रहेका छन्:

क. प्रदेशतहमा आवधिक योजना तर्जुमा गरी कायान्वयन गर्ने विषय सङ्घीयता कार्यान्वयनको पहिलो अभ्याससमेत भएको हुँदा स्वाभाविक रूपमा योजना कार्यान्वयनमा कमी कमजोरीहरू रहन गएको,

ख. कोभिड १९ को प्रभावको कारणले पूँजीगत खर्च कम भएको, आर्थिक क्रियाकलापहरूमा मन्दि आएको र विकासले गति लिन नसकेको,

ग. प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नभएकोले सरकार परिवर्तन भइरहने अवस्था रहेको र सोका कारण विकासका प्राथमिकताहरूमा पनि फरक पर्न गएको,

घ. कोभिड १९ र रूस-युक्रेन युद्धका कारण राजस्व परिचालनमा कमी आएको र सङ्घीय अनुदानमासमेत कटौती हुन गएकोले लगानीमा कमी आएको,

ङ. दरबन्दीअनुसार जनशक्तिको पूर्ति नभएकोले सरकारले पूर्ण क्षमतामा कार्य गर्न नसकेको,

च. भूमि, वन, ऊर्जा, जलस्रोत, प्रदेश प्रहरी, निजामती सेवा लगायतका सङ्घीय कानुनमा हुनुपर्ने सुधारहरू नभएका र जारी गर्नुपर्ने नयाँ कानुनहरू जारी नभएका कारण संविधान बमोजिम प्रदेश सरकार सञ्चालनमा बाधा उत्पन्न भएको,

छ. आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजनाबिच तालमेल हुन नसकेको,

ज. साना र टुक्रे योजनाहरूको सङ्ख्या अत्यधिक रहेकोले अपेक्षित उपलब्धि हासिल हुन नसकेको,

झ. आवधिक योजनाको कार्यान्वयनका सम्बन्धमा प्रभावकारी अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन र समीक्षा प्रणालीको विकास हुन नसकेको।

## ४ मूलभूत सवाल, चुनौती र सुधार गर्नुपर्ने विषयहरू

### ४.१ योजनाका मूल सवाल र चुनौतीहरु

आवधिक योजनाका मुल सवाल चुनौतीहरू देहायबमोजिम रहेका छन्

### क. जातीय, भाषिक, धार्मिक र सांस्कृतिक विविधताहरूको सम्बोधन

२०७८ को जनगणना अनुसार नेपालमा रहेका (विदेशी र उल्लेख नभएका जातिबाहेक) १४३ जातजातिमध्ये बागमती प्रदेशमा तामाङ (१९.८९ %), पहाडी ब्राम्हण (१७.८४ %), क्षेत्री (१७.४१ %), नेवार (१५.५७ %), मगर (५.११ %), विश्वकर्मा (२.७५ %), गुरुङ (२.३० %), राई (१.८४ %), थारू (१.८० %), परियार (१.५५ %), मिजार (१.३८ %), चेपाङ (१.२७ %) र एक प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका १२५ जातजाति गरी जम्मा १३७ जातजातिको बसोबास रहेको देखिन्छ । ल्होपा, मेचे, किसान, फ्रि, कोचे, सरबरिया, मुन्डा, चिडिमार, राजी, तोप्केगोला, केवरत, नटुवा र चाइ/खुलौतको जनसङ्ख्या ०.०००९ प्रतिशतभन्दा कम रहेका छ । नेपालमा बोलिने १२६ मातृभाषाहरूमध्ये यो प्रदेशमा नेपाली (५६.०४ %), तामाङ (१७.९९ %), नेवारी (११.८२ %), मगर (ढुट भाषा) (२. ४ %), थारू (रानाथारूबाहेक) (१.५६ %), मैथिली (१.२५ %), भोजपुरी (१.१४ %), गुरुङ (१.११ %) र एक प्रतिशतभन्दा कम जनसङ्ख्याले बोल्ने १०१ मातृभाषा गरी जम्मा १०९ मातृभाषाहरू रहेका छन् । प्रदेशमा ०.०००९ प्रतिशतभन्दा कम जनसङ्ख्याले बोल्ने मातृभाषा २० ओटा रहेका

छन् । धार्मिक हिसाबले प्रदेशमा हिन्दु ७२.०३ प्रतिशत, बुद्धिष्ट २२.२७ प्रतिशत, क्रिश्चियन ३.३ प्रतिशत, किरात १.३४ प्रतिशत, मुस्लिम ०.७९ प्रतिशत, प्रकृति ०.१६ प्रतिशत, बोन ०.९३ प्रतिशत, जैन ०.०१३ प्रतिशत, सिख ०.००५ प्रतिशत र बहाई ०.००१ प्रतिशत रहेका छन् । यस प्रदेशका जनताले मानी आएको धर्म, जाति, भाषा र बसी आएको भूगोलअनुसार पनि यहाँको सामाजिक र सांस्कृतिक परम्परा र प्रचलनहरूमा पनि विविधता रहेको छ । यस तथ्यले यो प्रदेश जाति, भाषा, धर्म र संस्कृतिका हिसाबले विविधतायुक्त रहेको छ । प्रदेशको आवधिक योजनाले प्रदेशको यो विविधतालाई सन्तुलित रूपमा सम्बोधन गर्नुपर्ने चुनौती रहेको छ ।

## ख. आर्थिक असमानता

नेपाल बहुआयामिक गरिबी सूचकाङ्क २०२१ अनुसार बागमती प्रदेशको बहुआयामिक गरिबी ७ प्रतिशत रहेको छ तर गरिबीको सघनता ४०.३ प्रतिशत रहेको छ । प्रदेशको ३१.९७ प्रतिशत घरधुरीमा आधारभूत खानेपानीको सुविधा पुगेको छैन, २९.०५ प्रतिशत घरधुरीले खाना पकाउनका लागि दाउरा, गुइँठा, मट्टितेल आदिको प्रयोग गर्छन् र १६.१७ प्रतिशतले खाल्डे चर्पीको प्रयोग गर्छन्। समग्रमा प्रदेशको १.२४ प्रतिशत घरधुरीको शौचालय सुविधा नभएको देखिए तापनि राक्सीराङ गाउँपालिकाको २१.५१ प्रतिशत, बागमती गाउँपालिका (मकवानपुर)को को १७.५२ प्रतिशत, बकैया गाउँपालिकाको १५.४६ प्रतिशत, कैलाश गाउँपालिकाको १३.५५ प्रतिशत, खानीखोला गाउँपालिकाको १५.८९ प्रतिशत र रुबीभ्याली गाउँपालिकाको ११.२१ प्रतिशत घरधुरीमा शौचालय सुविधा पुगेको छैन। यस्ता स्थानीय तहहरू अरू पनि छन् । समग्रमा प्रदेशको ९७.३३ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच पुगेको भए तापनि महाभारत गाउँपालिकाको ३६.२६ प्रतिशत, खानीखोला गाउँपालिकाको ४८.५४ प्रतिशत, फिक्कल गाउँपालिकाको ४४.३२ प्रतिशत, दुधौली नगरपालिकाको १३.०७ प्रतिशत, सुनकोसी गाउँपालिका (सिन्धुली)को २४.७४ प्रतिशत, ध्याङ्लेख गाउँपालिकाको ३६.२३ प्रतिशत, मरिण गाउँपालिकाको २५.६ प्रतिशत, हरिहरपुरगढी गाउँपालिकाको ७३.५६ प्रतिशत,

कैलाश गाउँपालिकाको ३२.१८ प्रतिशत, राक्सीराङ गाउँपालिकाको ४०.५८ प्रतिशत र इच्छाकामना गाउँपालिकाको १८.६९ प्रतिशत घरधुरीमा बिजुलीको पहुँच पुगेको छैन । आवधिक योजनाले प्रदेशको यस प्रकारको आर्थिक विषमतालाई सम्बोधन गर्नु पर्ने चुनौती रहेको छ ।

## ग. न्यून आर्थिक वृद्धिदर

राष्ट्रिय लेखाको पछिल्लो हिसाबअनुसार बागमती प्रदेशको आर्थिक वृद्धिदर आ.व. ०७५/७६ देखि ०७९/८० सम्मको क्रमशः ५.१३, -३.७७, ४.६, ६.०१ र १.७७ प्रतिशत रहेको देखिन्छ जुन समग्रमा घट्दो दरमा रहेको छ । वास्तविक आर्थिक वृद्धिदर अपेक्षित आर्थिक वृद्धिदर भन्दा कम रहेको देखिन्छ । यसैगरी, प्रतिव्यक्ति राष्ट्रिय आय पनि सुरुको वर्षबाहेक बाँकी सबै वर्षहरूमा अनुमान गरिएभन्दा कम रहेको देखिन्छ । आर्थिक वृद्धिदर नै कम भएपछि त्यसको प्रभाव समग्र क्षेत्रमा पर्न गएको छ ।

| **आर्थिक विकासका सूचकहरू** | **०७५/७६** | **०७६/७७** | **०७७/७८** | **०७८/७९** | **०७९/८०** |
|---|---|---|---|---|---|
| **आर्थिक वृद्धिदर** | | | | | |
| अनुमानित वृद्धिदर | ७ | ९ | ९.५ | ९.८ | १०.३ |
| वास्तविक वृद्धिदर | ५.१३ | -३.७७ | ४.६ | ६.०१ | १.७७ |
| **प्रतिव्यक्ति आय (अमेरिकी डलरमा)** | | | | | |
| अनुमानित आय | १९१७ | २१११ | २३२४ | २५४० | २८०२ |
| वास्तविक आय | २१७९ | २०४० | २२२९ | २४६० | २४५५ |
| **कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत हिस्सा** | | | | | |
| प्राथमिक क्षेत्र | ११.९ | १२.५ | १२.८ | १२.२ | ११.९ |
| द्वितीय क्षेत्र | ११.७ | १०.६ | १०.९ | ११.३ | १०.७ |
| तृतीय क्षेत्र | ७६.४ | ७६.९ | ७६.३ | ७६.५ | ७७.४ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्र र द्वितीय दुबै क्षेत्रको हिस्सा क्रमश कम हुँदै गएको छ भने तृतीय क्षेत्रको योगदान बढ्दै गएको छ । यसले प्रदेशको अर्थतन्त्र उत्पादनमा भन्दा व्यापार र सेवा क्षेत्रमा अत्यधिक भर परेको देखिन्छ।

## घ. वातावरण संरक्षण

काठमाडौं नेपालको राजधानी मात्र होइन नेपालकै सबैभन्दा ठुलो शहर पनि हो जुन संसारकै सबैभन्दा प्रदुषित शहरहरूको सूचीमा पर्दछ । आगलागी, बाढी र पहिरोका कारण वातारणमा प्रतिकुल प्रभाव परिरहेको छ । जलवायु परिवर्तनको प्रभावले गर्दा हिम रेखा माथितिर सर्दैछ। समग्रमा प्रदेशको ३२.६६ प्रतिशत शौचायलको निकाश ढलमा र सोबाट सिधै खोलामा पुग्ने गरेको छ भने काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाका क्रमशः ६६.७९, ४५.४१ र ५४.२३ प्रतिशत घरधुरीको शौचालयको निकाश ढलमा र सोबाट सिधै खोलामा पुग्ने गरेको छ । यसले हावा, पानी, जैविक विविधता, पारिस्थितिक प्रणाली र मानव स्वास्थ्यमा समेत नकारात्मक प्रभाव परिरहेको छ। प्रदेशका ५१.०२ प्रतिशत घरधुरीले खाना पकाउनका लागि दाउराको प्रयोग गर्दछन्। जिल्लागत रूपमा हेर्दा दोलखाका ८३.४७ प्रतिशत, सिन्धुपाल्चोकका ८०.३१ प्रतिशत र रामेछापका ८७.४८ प्रतिशत घरधुरीले खाना पकाउनका लागि दाउराको उपयोग गर्ने गरेका छन् । यसले वन विनास र घरभित्रको धुवाँलाई प्रवर्धन गरिरहेको छ जसले वातावरण विनास र खासगरी महिलाहरूमा हुने स्वासप्रस्वासको रोग बढाउन मद्दत गरिरहेको छ ।

## ङ. स्वास्थ्य समस्याहरू

नेपाल स्वास्थ्य अनुसन्धान परिषदले गरेको स्टेप्स सर्वे, २०१९ का अनुसार बागमती प्रदेशका २२.९ प्रतिशत जनसङ्ख्याले सुर्तिजन्य उत्पादनको प्रयोग गर्दछ। यसले क्यान्सर, मुटुरोग, चिनीरोग र स्वासप्रश्वास रोग बढाउन मात्र होइन गर्भमा रहेको शिशु र धुमपान गर्नेहरूको नजीकमा रहेकाहरूसमेतलाई नराम्रो असर गर्दछ । यस प्रदेशका ३३.२ प्रतिशत जनसङ्ख्याले मादक पर्दार्थको सेवन गर्दछ जुन नेपालकै

सबैभन्दा बढी हो। क्यान्सर, मुटुरोग, कलेजो रोग तथा पाचन, स्नायु, मानसिक र गर्भ तुहिने लगायतका समस्याहरू निम्त्याउन सक्दछ। प्रदेशका ५.६ प्रतिशत महिलामा पाठेघरको मुखको क्यान्सर रहेको छ। १०.३ प्रतिशत जनसङ्ख्याको शारीरिक सक्रियता आवश्यकताभन्दा कम छ जुन नेपालकै सबभन्दा बढी हो। प्रदेशका १०.२ प्रतिशत वयस्क कम तौलका र २० प्रतिशत वयस्क बढी तौलका छन्। शारीरिक तौल सूचकाङ्क (Body Mass Index) का आधारमा रोग लाग्ने जोखिमलाई हेर्दा १९.९ प्रतिशत वयस्क जोखिममा, ७.५ प्रतिशत वयस्क उच्च जोखिममा र ३.३ प्रतिशत वयस्क अति उच्च जोखिमा रहेको देखिन्छ। यसैगरी, प्रदेशका २५.२ प्रतिशत वयस्कमा उच्च रक्तचाप, ४.१ प्रतिशत वयस्कको रगतमा चिनीको मात्रा बढी र ८.१ प्रतिशत वयस्कमा रगतमा कोलेस्टरोलको मात्रा बढी हुने समस्या रहेका छन् ।

नेपाल सरकार र नागरिकहरूद्वारा जम्मा गरिएको कोषद्वारा सञ्चालित स्वास्थ्य विमा कार्यक्रममा प्रदेशका सबै घरपरिवार आवद्ध हुन सकेका छैनन्। यसमा केही समस्याहरू रहेका कारण त्यति लोकप्रिय हुन सकेको छैन। स्वास्थ्य विमा भनिए पनि विमाको सिद्धान्तअनुसारभन्दा पनि 'स्वास्थ्य उपचार कोष'को रूपमा यो कार्यक्रम चलिरहेको देखिन्छ ।

### च. अव्यवस्थित बसाइसराइ र शहरीकरण

२०७८ को जनगणनाअनुसार बागमती प्रदेशको १३ मध्ये ६ ओटा जिल्ला र ११९ स्थानीय तहमध्ये ७३ ओटा स्थानीय तहको जनसङ्ख्या वृद्धिदर नकारात्मक रहेको छ भने २२ ओटा स्थानीय तहको जनसङ्ख्या वृद्धि २० देखि १२१ प्रतिशतसम्म रहेको छ। यस तथ्यले विकासमा भएको असन्तुलनले बसाइसराइलाई असन्तुलित बनाउँदै लगेको हुँदा जनसङ्ख्या व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको पुष्टि गर्दछ। प्रदेशको ७७.३५ प्रतिशत बासिन्दा नगरपालिकाहरूमा र २२.६५ प्रतिशत बासिन्दा गाउँपालिकाहरूका बसोबास गर्छन् । यसले जनसङ्ख्या व्यवस्थापन, समथल क्षेत्रको उर्वर कृषि भूमिको विनास र पहाडी क्षेत्रको कृषि

भूमिको बाँझोपन, अव्यवस्थित शहरीकरण, आधारभूत सेवा सुविधाहरूको प्रवाह, विकासमा भौगोलिक असन्तुलन आदिलाई थप चुनौतीपूर्ण बनाइ दिएको छ।

## छ. विपद्

यो प्रदेशमा भूकम्प, आगलागी, बाढी र पहिरोबाट मात्र विगत १० वर्षमा ७ खर्ब ६५ अर्ब ७९ करोडभन्दा बढीको भौतिक क्षति, ५ हजार ५ सय ८१ घटना, ११ हजार ८ सय ५२ जनाको मृत्यु र ११ लाख ९९ हजार ६ सय १६ जनसङ्ख्या प्रभावित हुन पुगेको देखिन्छ। यी बाहेक पछिल्लो १० वर्षको अवधिमा भारी वर्षाका २०३ ओटा, हावाहुरीका ७० ओटा, चट्याङका ५१६ ओटा, जनावर आतङ्कका २३५ ओटा र वन डढेलोका ६१ ओटा घटनाहरू घटेका छन् ।

| विपदको किसिम | घटना सङ्ख्या | मृतक सङ्ख्या | प्रभावित जनसङ्ख्या | पूर्ण क्षतिग्रस्त निजी घर सङ्ख्या | आंशिक क्षतिग्रस्त निजी घर | जम्मा अनुमानित क्षति रू. करोडमा |
|---|---|---|---|---|---|---|
| भूकम्प | ८३ | ८३७० | ६३३१७८ | ४८३३५० | १५९९५९ | ७६०२४ |
| आगलागी | ३३७९ | ४६९ | २२६८९ | ४२८३ | १२७१ | ३२६ |
| बाढी | ८४७ | ११२८ | ४०६८०९ | ९८१९ | ७३५५ | १९९ |
| पहिरो | १२७२ | १८८५ | १३६९४० | ६५५० | २४६६ | ३० |
| जम्मा | ५५८१ | ११८५२ | ११९९६१६ | ५०४००२ | १७१०५१ | ७६५७९ |

स्रोतः बागमती प्रदेशको विपद व्यवस्थापन योजना, २०८०

विपद् घटनाहरूबाट हुने क्षति,खासगरी ठुला उद्योग व्यवसायमा बाहेक, साना उद्योग व्यवसाय र आम नागरिकमा पर्न जाने क्षतिको विमा हुन सकेको देखिदैन।

## ज. वन्यजन्तुको आतङ्क

किसानहरूलाई बाँदर, बँदेल र दुम्सी लगायतका वन्यजन्तुबाट कृषिजन्य उपजहरू बचाउन कठीन हुँदै गएको छ। प्रदेशका प्राय सबै जिल्लामा यो समस्या विगतमाभन्दा बढेर गएको छ। पीडित किसानहरूले धर्ना, जुलुस, डेलिगेशन,

मागपत्र प्रस्तुत लगायतका क्रियाकलापहरूमार्फत तीनै तहको सरकारको ध्यानाकर्षण गरिरहेका छन् । वन्यजन्तुबाट कृषिजन्य उपजहरूको सुरक्षा गर्न नसकिने भएपछि किसानहरूले खेती गर्न छाड्दै गएका छन्। यसबाट कृषि उत्पादनमा नकारात्मक प्रभाव परिरहेको छ। चितुवा र बाघ बस्तीमा पसेर मान्छेमाथि आक्रमण गर्न थालेका छन्। घाँस दाउरा गर्न जाने महिलाहरूमाथि आक्रमण बढ्दै गएको छ। आरक्ष र राष्ट्रिय निकुञ्जसँग जोडिएका बस्तीहरूमा यो समस्या तुलनात्मक रूपले बढी रहेको पाइन्छ। पछिल्लो १० वर्षको अवधिमा जनावर आतङ्कका २३५ ओटा घटनाहरू घटेका छन्। वन्यजन्तुबाट भएको क्षतिको अहिलेसम्म विमा सकेको छैन।

### झ. सुशासन

वन र कृषि तथा पशुपन्छी बाहेकका अन्य विषय क्षेत्रका कार्यालयहरू जिल्लास्तरमा नभएका कारण जनताले अनुभूति गर्ने गरी प्रदेश सरकारले कार्य सम्पादन गर्न सकेको छैन। सबै जिल्लाबाट प्रदेश सरकारले दिने सबै सेवाहरू एकीकृत रूपमा पुऱ्याउनको लागि उपयुक्त सङ्गठनात्मक संरचनाको अभाव महसुस गरिएको छ। अन्य केही प्रदेशकोभन्दा यस प्रदेशको बेरुजुको अंश कम भए पनि यसलाई शून्यमा पुऱ्याउन आवश्यक छ। पुँजीगत खर्च बढाउनु पर्ने चुनौती छँदैछ। सङ्घीयताको महसुस हुने गरी **‘देखिने, सुनिने र महसुस गरिने’** आयोजनाहरूमा लगानी बढाउनु पर्ने चुनौति पनि रहेको छ। उपयुक्त सङ्गठनात्मक संरचना, नीतिगत व्यवस्था र क्षमता विकास गरी वित्तीय अनुशासन, योजना अनुशासन र सेवा प्रवाहमा सरलीकरण गर्न आवश्यक देखिएको छ।

## ४.२ योजना कार्यान्वयनका प्रमुख चुनौतीहरू

दोस्रो आवधिक योजनाको सफलतापूर्वक कार्यान्वयनका सन्दर्भमा देखिएका प्रमुख चुनौतीहरू देहायबमोजिम रहेका छन्:

क. प्रदेश सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको हुँदा विकासका प्राथमिकताहरू फरक हुन सक्दछ,

ख. अझै केही वर्ष प्रदेश सरकारको लागि आवश्यक जनशक्तिको अभाव हुन सक्दछ,

ग. संविधान बमोजिम प्रदेश सरकार पूर्ण क्षमतामा सञ्चालन गर्नका लागि आवश्यक पर्ने सङ्घीय कानुनहरू निर्माण हुन अझ केही वर्ष लाग्न सक्दछ,

घ. बाँझो जमिनको मात्रा, वन्यजन्तुको आतङ्क र छाडा चौपाया बढ्दै गएकोले कृषि उत्पादन र उत्पादकत्व वृद्धिमा नकारात्मक प्रभाव परिरहेको छ,

ङ. औद्योगिकीरणको लागि औद्योगिक क्षेत्र र उद्योग ग्रामहरूको स्थापना र सञ्चालनको लागि जग्गा प्राप्तिको व्यवस्था गर्न कानुनी बाधा कायमै रहेको छ,

च. संघबाट विगतमा जस्तै आयोजनाको वास्तविक लागत अनुमानभन्दा थोरै बजेटमात्र विनियोजन हुन सक्दछ जसले आयोजनाहरूले थप दायित्व सिर्जना हुन सक्दछ,

छ. सङ्घबाट बचेखुचेको बजेट आर्थिक वर्षको अन्तिम समयमामात्र प्राप्त हुने गरेकोले आयोजना कार्यान्वयनमा समस्या रहन सक्दछ।

## ४.३ सुधार गर्नुपर्ने विषयहरू

दोस्रो आवधिक योजनाको सफलतापूर्वक कार्यान्वयनका लागि प्रदेश सरकारले देहाय बमोजिमका सुधारहरू गर्नुपर्ने देखिन्छः

क. राष्ट्रिय योजना आयोगबाट हस्तान्तरण भएको प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई सञ्चालनमा ल्याई आयोजना छनौट प्रणालीलाई व्यवस्थित, पारदर्शी र सन्तुलित बनाउनु पर्ने,

ख. प्रदेशको गौरब र पहिचान झल्काउने ठूला र प्रादेशिक महत्वका रूपान्तरणकारी आयोजनाहरूमा लगानी वृद्धि गर्नुपर्ने र प्रदेशले कार्यान्वयन गर्ने साना आयोजनाहरूको लागत र बजेट सिमा (थ्रेसहोल्ड) तोक्नु पर्ने,

ग. आवधिक योजनाका आधारमा मध्यमकालीन खर्च संरचना बनाउनु पर्ने र सोका आधारमा वार्षिक योजना तर्जुमा गर्नुपर्ने,

घ. प्रदेशका अन्तरमन्त्रालय र निकायबिचको समन्वय र सहकार्य बढाउनु पर्ने,

ङ. आवधिक योजनाको कार्यान्वयन र उपलब्धिका सम्बन्धमा नियमित अनुगमन, मूल्याङ्कन, प्रतिवेदन र समीक्षा गरी सुधार गर्ने प्रणालीको विकास गरी कार्यान्वयन गर्नुपर्ने,

च. तीन तहको सरकार, विकास साझेदार, निजी क्षेत्र, सहकारी र सामुदायिक क्षेत्रसँगको समन्वय र सहकार्यलाई बढाउनु पर्ने।

## ५ दोस्रो आवधिक योजनाको समष्टिगत खाका

### ५.१ सोच/परिदृश्य

सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धि

### ५.२ लक्ष्य

सङ्घीयताको महसुस हुने गरी सुशासन प्रवर्धन गर्दै प्रदेशका पिछडिएका क्षेत्र, वर्ग, महिला, दलित, सिमान्तकृत समुदाय, आदिवासी, जनजाति र बेरोजगार नागरिकहरूलाई आधारभूत सेवा सुविधामा पहुँच वृद्धि गर्दै तीव्र आर्थिक विकासका अवसरहरू सिर्जना गरी आर्थिक समृद्धि हासिल गर्नु।

### ५.३ उद्देश्य

योजनाका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्:

क. संघीयता महसुस हुनेगरी प्रदेश सरकारले कार्यसम्पादन गर्ने वातावरण निर्माण गर्नु,

ख. प्रदेशका पिछडिएका क्षेत्र, वर्ग, महिला, दलित, सिमान्तकृत समुदाय, आदिवासी, जनजाति, विपन्न र बेरोजगार नागरिकहरूलाई शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सामाजिक सुरक्षा र पूर्वाधार

लगायतका आधारभूत सेवा सुविधा र आय आर्जनका अवसरहरूमा पहुँच पुऱ्याउनु,

ग. कृषि क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण र मूल्य शृङ्खलामा आवद्धता, औद्योगिक तथा व्यापारिक वातावरण निर्माण, पर्यटन क्षेत्रको प्रवर्धन, व्यावसायिक र प्राविधिक शिक्षा र तालिम, सडक सञ्जालको विकास, वन क्षेत्रको विकास तथा उपयोग गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गर्नु।

## ५.४ प्रमुख रणनीतिहरू

प्रमुख रणनीतिहरू देहायबमोजिम रहेका छन्:

क. उपयुक्त सङ्गठनात्मक संरचना, नीति, प्रक्रियागत सरलीकरण र क्षमता विकास गरी सुशासन कायम गर्ने ।

ख. आधारभूत सेवा सुविधा र आय आर्जनको अवसर कम भएका दुर्गम र अति दुर्गम क्षेत्र तथा उच्चस्तरको बसाईँसराइका कारण जनसङ्ख्या वृद्धिदर नकारात्मक हुन पुगेका स्थानीय तहहरूमा बसोबास गर्ने जनता तथा महिला, दलित, सिमान्तकृत समुदाय, आदिवासी, जनजाति, विपन्न र बेरोजगार नागरिकहरूको शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, सामाजिक सुरक्षा, उद्यमशीलता, रोजगारी र पूर्वाधार लगायतका आधारभूत सेवा सुविधामा पहुँच वृद्धि गर्न एकीकृत सामुदायिक विकासका विशेष कार्यक्रमहरू सञ्चालन गर्ने ।

ग. सहकारीको माध्यमबाट आय आर्जनका अवसर सिर्जना र सामुदायिक शिक्षा तथा आधारमूत स्वास्थ्य सेवा प्रवाहको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने।

घ. सडक सञ्जाल विस्तार, औद्योगिक क्षेत्र, उद्योग ग्राम र व्यापारिक केन्द्रहरूको विकास, नवप्रवर्तन, ब्राण्डिङ, औद्योगिक तथा व्यापारिक मेला र महोत्सव र हाट बजारहरूको आयोजना र सहुलियतपूर्ण ऋण

लगायतका योजनाहरूमार्फत औद्योगिक तथा व्यावसायिक वातावरण निर्माण गर्ने ।

ङ. तीन तहको सरकार, निजी क्षेत्र, सहकारी, विकास साझेदार, गैरसरकारी संस्था, विश्वविद्यालय र अन्य सरोकारवालाहरूबिचको समन्वय र सहकार्यमा जोड दिने ।

च. उपयुक्त सङ्गठनात्मक संरचना, मानव संसाधन विकास, नीति र प्रक्रियागत सरलीकरण, नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन र पृष्ठपोषण प्रणालीको विकास गरी प्रदेश सरकारको संस्थागत क्षमताको विकास गर्ने ।

## ५.५ विकासका प्रमुख चालकहरू

विकासका प्रमुख चालक/नेतृत्वदायी क्षेत्रहरू देहायबमोजिम रहेका छन्:

### क. पर्यटन

प्रदेशको धार्मिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक र प्राकृतिक सम्पदामा आधारित गुणस्तरीय पर्यटन प्रवर्धन, आन्तरिक पर्यटन प्रवर्धन, पर्यटन परिपथको विकास, साहसिक पर्यटन, र उच्च उचाइको खेलकुद पर्यटन प्रवर्धनको माध्यमबाट पर्यटन क्षेत्रको विकास गरिने छ ।

### ख. कृषि

पशुपक्षी (मासु, दुध, अण्डा), आलु र तरकारी, रैथाने खाध्यान्न बाली (धान, मकै, कोदो, फापर, जौ, गहुँ), दलहन (मास, सिमी, गहत, मुङ, मस्याङ्, रहर), तेलहन (तोरी, भटमास, तिल) र फलफुल (केरा, जुनार, सुन्तला, किवी, भुइकटहर, रुख कटहर, आँप, एभोकाडो, ड्रयागन फ्रुट, नास्पाति, ओखर)को व्यावसायीकरण, आधुनिकीकरण, मूल्य अभिवृद्धि र मूल्य शृङ्खलामा आवद्ध गरी कृषि क्षेत्रको विकास गरिने छ ।

## ग. उद्योग र व्यापार

साना औद्योगिक क्षेत्र, उद्योग ग्राम, हाट बजार, सडक लक्षित एकीकृत विक्री स्थलहरू (Road side Integrated shopping Centers) को विकास र सञ्चालन तथा मझौला, साना र घरेलु उद्योग तथा व्यापारको प्रवर्धन गरी उद्योग र व्यापारको प्रवर्धन गरिने छ ।

## घ. उद्यमशीलता र रोजगारी प्रवर्धन

उद्यमशीलताको विकासको लागि उद्यम गर्न चाहने बेरोजगारहरूलाई यो प्रदेश, अन्य प्रदेश तथा विदेशी बजारमा रहेको वस्तु तथा सेवाको मागलाई ध्यानमा राखी प्राविधिक तथा व्यवसायिक शिक्षा, उद्यमशीलता तालिम, सिप विकास तालिम, प्रविधि हस्तान्तरण, सहुलियतपूर्ण ऋण, बिजनेस इन्क्युवेशन केन्द्र, कर छुट, मेला तथा महोत्सवहरूको आयोजना, हाट बजार प्रवर्धन र व्यवसाय विकासका अन्य सेवाहरू प्रदान गरी बेरोजगारहरूलाई उद्यमी बनाउने र साना उद्यमीहरूको स्तरोन्नती गर्ने कार्यलाई प्राथमिकता दिइने छ । त्यसैगरी, रोजगारी/जागिरको खोजीमा रहेका बेरोजगारहरूलाई यो प्रदेश, अन्य प्रदेश तथा विदेशी श्रम बजारमा रहेको दक्ष र उच्च दक्ष जनशक्तिको मागलाई ध्यानमा राखी सिपमूलक तालिम, सिप प्रमाणीकरण, प्राविधिक शिक्षा, जब प्लेसमेन्ट, श्रम सूचना केन्द्र लगायतका औजारहरू मार्फत रोजगारीको अवसर सिर्जना गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउन सहयोग गरिने छ ।

## ङ. स्वास्थ्य सेवामा सहज पहुँच

एकीकृत स्वास्थ्य सेवा, सहकारीको माध्यमबाट सामुदायिक स्वास्थ्य सेवा प्रवर्धन, घुम्ति स्वास्थ्य सेवा, सर्व सुलभ एम्बुलेन्स सेवा र प्रादेशिक अस्पतालहरूको स्तरोन्नतिमार्फत आधारभूत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुच वृद्धि गरिने छ ।

## च. शिक्षाको गुणस्तर सुधार

सामुदायिक विद्यालयहरूमा अभिभावकहरूको भूमिका र जिम्मेवारी बढाउन सहकारीकरणको माध्यमबाट विद्यालय व्यवस्थापन गरी विशेषगरी प्राविधिक शिक्षाको गुणस्तर सुधार गरिने छ । यसैगरी, आवश्यक अध्ययन गरी प्रदेशले तोकेका सूचकहरूमा सुधार गरी शैक्षिक गुणस्तर सुधार गर्ने सामुदायिक विद्यालयहरूलाई नतिजामा आधारित शैक्षिक विकास अनुदान प्रदान गरिने छ ।

## छ. सडक सञ्जाल

सबैले लाभ लिन सक्ने गरी आर्थिक विकासको मार्ग (Economic Lifeline) को रूपमा प्रदेश लोकमार्ग र स्थानीय तहको केन्द्र जोड्ने सडकहरूको निर्माणलाई प्राथमिकता दिइने छ।

## ज. वन क्षेत्रको विकास र उपयोग

आर्थिक विकास, आय आर्जन र गरिबी निवारणको लागि प्रदेशको वन क्षेत्र र जैविक विविधताको संरक्षण, खेर गइरहेको काठको उपयोग, जडिबुटी खेती र प्रशोधन, रेसाजन्य वनस्पतिको विकास र उपयोग, वनमा आधारित तरकारी र फलफूल खेती, बाँस र निगालो खेती लगायतका कार्यहरूमार्फत वन क्षेत्रको विकास र उपयोग गरिने छ।

## ६ अपेक्षित उपलब्धिहरू

आवधिक योजनाका प्रमुख उपलब्धिहरू देहायबमोजिम रहेका छन्:

### क. सुशासन अभिवृद्धि

- सबै जिल्लामा एकीकृत सेवा कार्यालयहरूको स्थापना र सञ्चालन
- प्रदेश आयोजना बैंक पूर्ण रूपमा कार्यान्वयन र स्थानीय तहलाई स्थानीय आयोजना बैंकको स्थापना र सञ्चालनमा सहजीकरण
- शुन्य बेरुजु
- अनुमान गरिएको शतप्रतिशत आन्तरिक राजस्व सङ्कलन

- कुल बजेट र कुल पुँजीगत बजेटको ९९ प्रतिशत खर्च

**ख. सामाजिक न्याय**

- अति दुर्गम र दुर्गम क्षेत्रका स्थानीय तहहरूको विकासको लागि एकीकृत पूर्वाधार विकास कार्यक्रम सञ्चालन
- दलित, विपन्न, महिला, सिमान्तकृत समुदाय र पिछडिएका क्षेत्रहरूको लागि आर्थिक सामाजिक विकासको लागि एकीकृत सामुदायिक विकास कार्यक्रम सञ्चालन
- आधारभूत खानेपानी, सरसफाइ र बिजुलीमा शतप्रतिशत पहुँच विस्तार
- प्राविधिक धारका विद्यालयहरूको विस्तार
- सामुदायिक विद्यालयहरूलाई नतिजामा आधारित अनुदान प्रदान
- प्रादेशिक अस्पतालहरूको स्तरोन्नति र एकीकृत स्वास्थ सेवा प्रवाह
- सहकारीको माध्यमबाट सामुदायिक स्वास्थ्य सेवा प्रवर्धन, घुम्ती स्वास्थ्य सेवा

**ग. आर्थिक समृद्धि**

- व्यावसायिक र सिप विकास तालिम, प्रविधि हस्तान्तरण, सहुलियत दरको ऋण र व्यवसाय विकास तथा रोजगारी प्रवर्धनद्वारा उद्यमशीलता र रोजगारीमा वृद्धि
- पर्यटन मेला महोत्सवहरूको आयोजना, नयाँ पर्यटन परिपथको विकास, साहसिक पर्यटन प्रवर्धन र उच्च उचाइको खेल प्रवर्धनद्वारा पर्यटन क्षेत्रको वस्तु, सेवा, आम्दानी र रोजगारी वृद्धि
- पशुपन्छीजन्य उत्पादन, रैथाने बाली, दलहन, तेलहन, फलफुलको उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि
- साना औद्योगिक क्षेत्रहरूको निर्माण, उद्योग ग्रामहरूको निर्माण, हाट बजार प्रवर्धन, सडक लक्षित एकीकृत बिक्री स्थलहरू, नयाँ उद्यमहरूको दर्ता र उद्योग व्यापारको प्रवर्धन गरी उद्योग तथा व्यापार विस्तार
- आर्थिक विकासको मार्गको रूपमा प्रदेश लोकमार्ग र स्थानीय तहको केन्द्र जोड्ने सडकहरूको निर्माण

- जैविक विविधता संरक्षण, खेर गइरहेको काठको उपयोग, जडीबुटी संरक्षण, जंगली कन्दमुल र फलफूल संरक्षण तथा बाँस र निगालो संरक्षणमार्फत् वन क्षेत्रको विकास र उपयोग गरी राजस्व वृद्धि र गरिबी निवारणमा योगदान

## ७ विषय क्षेत्रगत र मन्त्रालयगत लक्ष्य र नतिजा खाका

आवधिक योजनाको पाँच वर्षको विषय क्षेत्रगत र मन्त्रालयगत लक्ष्य र नतिजा खाका देहाय बमोजिमको ढाँचामा तर्जुमा गरिने छः

**मन्त्रालयको नामः**

**विषय क्षेत्र**

| सूचकहरू | | एकाइ | आधार वर्ष ०८०/८१ को अवस्था | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | ०८५/८६ | ०८६/८७ |
| प्रभाव सूचकहरू | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| असर सूचकहरू | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| प्रतिफल सूचकहरू | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| प्रमुख क्रियाकलाप तथा लगानी | | | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |

## ८ अवधारणा-पत्र तर्जुमा विधि

दोस्रो आवधिक योजना तर्जुमाका लागि सर्वप्रथम पहिलो आवधिक योजना र सोको मध्यावधि समीक्षाको प्रतिवेदन, नेपालको संविधान, सङ्घीय सरकारको पन्ध्रौं योजना र सोह्रौं योजनाको अवधारणा-पत्र, दिगो विकास लक्ष्यको प्रादेशिक मार्गचित्र, सङ्घ र प्रदेशका आर्थिक सर्वेक्षणहरू, प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तब्यहरू, प्रदेश विकास समस्या समाधान समितिको बैठकका प्रतिवेदनहरू, राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन, विभिन्न सर्वेक्षण र अध्ययन प्रतिवेदनहरूको समीक्षा गरिएको थियो। सो पश्चात स्थानीय तहहरू, निजी क्षेत्र, सहकारी, सामाजिक सङ्घ संस्था, विकास साझेदार, प्रदेश मन्त्रालयहरू, मा. मुख्यमन्त्री तथा मन्त्रीहरू र प्रदेश सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेताहरूसँग परामर्श गरी सुझाव र विचारहरू सङ्कलन गरिएको थियो। उपलब्ध दस्तावेजहरूको समीक्षा र परामर्श गोष्ठीहरूबाट प्राप्त सुझाव र विचारहरूलाई संश्लेषण गरी अवधारणा-पत्रको मस्यौदा तर्जुमा गरिएको थियो। उक्त मस्यौदा प्रतिवेदनमाथि आयोगका पदाधिकारी, कर्मचारी, विज्ञहरूबिच पटक पटक छलफल गरी मस्यौदालाई अन्तिम रूप दिइएको छ।

## ९ कार्ययोजना र योजनाको रूपरेखा

### ९.१ कार्ययोजना

दोस्रो आवधिक योजनाको आधारपत्र र विस्तृत योजना तर्जुमाको कार्ययोजना देहाय बमोजिम हुनेछः

| क्र.सं. | क्रियाकलाप | समय सिमा |
|---|---|---|
| **अ.** | **आधारपत्र तयार** | |
| १ | निर्देशक समितिसँग परामर्श | असोजको तेस्रो हप्ता |
| २ | विषयगत समितिहरूसँग परामर्श | असोजको तेस्रो हप्ता |
| ३ | मन्त्रालयहरूसँग परामर्श | असोजको चौथो र कार्तिकको दोस्रो हप्ता |
| ४ | निजी क्षेत्र र सहकारी क्षेत्रसँग परामर्श | कार्तिकको चौथो हप्ता |

| क.सं. | क्रियाकलाप | समय सिमा |
|---|---|---|
| ५ | विकास साझेदार र गैरसरकारी संस्थाहरूसँग परामर्श | कार्तिकको चौथो हप्ता |
| ६ | स्थानीय तहहरूसँग परामर्श | मंसिरको पहिलो हप्ता |
| ७ | सङ्घीय संसदका सांसद र निकायहरूसँग परामर्श | मंसिरको तेस्रो हप्ता |
| ८ | छिमेकी प्रदेशहरूसँग परामर्श | मंसिरको तेस्रो हप्ता |
| ९ | राजनीतिक दलहरूसँग परामर्श | मंसिरको तेस्रो हप्ता |
| १० | प्रदेश सभाका विषयगत समितिहरूसँग परामर्श | मंसिरको चौथो हप्ता |
| ११ | राष्ट्रिय योजना आयोगसँग परामर्श | पौषको पहिलो हप्ता |
| १२ | आधार-पत्रको मस्यौदा तयार | पौष महिनाभरि |
| १३ | आधार-पत्रका सम्बन्धमा मन्त्रालयहरूसँग छलफल | माघको पहिलोको हप्ता |
| १४ | आधार-पत्रका सम्बन्धमा विषयगत समितिहरूसँग छलफल | माघको दोस्रो हप्ता |
| १५ | आधार-पत्रका सम्बन्धमा निर्देशक समितिसँग छलफल | माघको दोस्रो हप्ता |
| १६ | आधार-पत्रका सम्बन्धमा प्रदेश सभाका विषयगत समितिहरूसँग छलफल | माघको तेस्रो हप्ता |
| १७ | आधार-पत्र परिमार्जन र सुझावको लागि वितरण | माघको चौथो हप्ता |
| **आ.** | **विस्तृत योजना तयार** | |
| १८ | प्रादेशिक लक्ष्य र गन्तव्य सूचकका सम्बन्धमा राष्ट्रिय योजना आयोगसँग परामर्श | फागुनको पहिलो हप्ता |
| १९ | नतिजा खाका सहितको विस्तृत योजना तयार | फागुनको दोस्रो र चौथो हप्ता |
| २० | विषयगत समितिहरूसँग परामर्श | चैत्रको पहिलो हप्ता |
| २१ | निर्देशक समितिसँग परामर्श | चैत्रको दोस्रो हप्ता |
| २२ | प्रदेश विकास परिषदमा छलफल | चैत्रको दोस्रो हप्ता |

| क.सं. | क्रियाकलाप | समय सिमा |
|---|---|---|
| २३ | विस्तृत योजनाको परिमार्जन र स्वीकृती | चैत्रको तेस्रो हप्ता |
| २४ | दोस्रो आवधिक योजनाको प्रकाशन | चैत्रको चौथा हप्ता |

## ९.२ योजनाको रूपरेखा

दोस्रो आवधिक योजनाको रूपरेखा अनुसूची १ मा प्रस्तुत गरिएको छ। योजना तर्जुमाको क्रममा उक्त रूपरेखामा आवश्यकताअनुसार परिमार्जन गर्न सकिने छ।

.......................................

## सन्दर्भ सूची


- नेपालको संविधान, २०७२, कानून किताव व्यवस्थापन समिति, काठमाडौं
- पन्ध्रौ योजना, राष्ट्रिय योजना आयोग, २०७६, काठमाडौं
- प्रदेश स्तरीय योजना तर्जुमा दिग्दर्शन, २०७५
- पहिलो आवधिक योजना (२०७६/७७—२०८०/८१), प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा
- बागमती प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७—२०८०/८१)को मध्यावधि प्रगति समीक्षा प्रतिवेन, २०७९, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा
- राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं
- प्रदेशको बस्तुस्थिति विवरण, २०७५, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा
- स्थानीय तहको बस्तुस्थिति विवरण, २०७६, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा
- प्रदेश योजना अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, २०७६, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा
- प्रदेश योजना तर्जुमा दिग्दर्शन, (नमूना) २०७५, राष्ट्रिय योजना आयोग, काठमाडौं
- सामाजिक तथ्याङ्क, २०७९, केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौं
- जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठिको प्रतिवेदन, २०८०, प्रदेश नीति तथा योजना आयोग
- बागमती प्रदेश दिगो विकास लक्ष्य सम्बन्धी प्रदेशगत सार्वजनिक खर्चको खोजीनीति सर्वेक्षण, २०७९, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा
- दिगो विकासका लक्ष्यहरू, बागमती प्रदेशको अवस्था तथा मार्गचित्र, २०७७, प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश, हेटौंडा
- आर्थिक सर्वेक्षण, २०७९/८०, बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय
- नेपालको अर्थराजनीतिको मार्गचित्रमा बागमती प्रदेश, डा. बाबुराम भट्टराई, कार्यपत्र ।

# अनुसूची १
## दोस्रो आवधिक योजनाको रूपरेखा

**१ पृष्ठभूमि**

**२ आवधिक योजनाको औचित्य**

**३ पहिलो आवधिक योजनाको समीक्षा**

**४ मूलभूत सवाल र चुनौतीहरू**

**५ दोस्रो आवधिक योजनाको समष्टिगत खाका**

- ५.१ सोच/परिदृश्य
- ५.२ लक्ष्य
- ५.३ उद्देश्य
- ५.४ रणनीति र कार्यनीति
- ५.५ विकासका अग्रगामी क्षेत्रहरू

**६ सार्वजनिक वित्त तथा लगानी**

- ६.१ आन्तरिक राजस्व परिचालन
- ६.२ राजस्व बाँडफाँड
- ६.३ सङ्घीय अनुदान
- ६.४ प्रादेशिक अनुदान
- ६.५ वित्तीय व्यवस्था
- ६.६ सहलगानी (निजी, सहकारी, समुदाय, विकास साझेदार र अन्य गैरसरकारी क्षेत्र)

**७ आर्थिक क्षेत्र**

- ७.१ कृषि तथा पशुपक्षी
- ७.२ उद्योग तथा वाणिज्य
- ७.३ पर्यटन
- ७.४ भूमि व्यवस्था
- ७.५ सिप र उद्यमशीलता विकास

**८ सामाजिक क्षेत्र**

८.१ स्वास्थ्य

८.२ शिक्षा

८.३ समावेशीकरण र सशक्तिकरण

८.४ सामाजिक सुरक्षा र संरक्षण

८.५ भाषा, साहित्य, कला र संस्कृति

८.६ युवा तथा खेलकुद

८.७ विज्ञान तथा प्रविधि

८.८ जनसङ्ख्या र बसाइँसराइ

**९ पूर्वाधार क्षेत्र**

९.१ यातायात पूर्वाधार

९.२ सिँचाइ

९.३ खानेपानी तथा सरसफाइ

९.४ ऊर्जा

९.५ सूचना तथा सञ्चार

९.६ भवन

९.७ आवास तथा वस्ती विकास

९.८ शहरी विकास

**१० वन तथा वातावरण**

१०.१ वन व्यवस्थापन

१०.२ वन्यजन्तु तथा जैविक विविधताको संरक्षण

१०.३ जलाधार क्षेत्र संरक्षण

१०.४ हात्तीसार चिडियाखाना व्यवस्थापन

१०.५ खनिज सम्पदा व्यवस्थापन

१०.६ वातावरण संरक्षण

१०.७ जलवायु परिवर्तन अनुकूलन

**११ सुशासन र शासकीय प्रवन्ध**

११.१ सामान्य प्रशासन (कर्मचारी व्यवस्थापन)

११.२ शासकीय सुधार

११.३ शान्ति सुरक्षा

११.४ भ्रष्टाचार निवारण

११.५ संस्थागत क्षमता विकास

११.६ प्रदेश प्रहरी

११.७ सामुदायिक प्रहरी

११.८ कारागार व्यवस्थापन

**१२ अन्तरसम्बन्धित विषय क्षेत्र**

१२.१ तथ्याङ्क व्यवस्थापन

१२.२ नीति तथा योजना

१२.३ अनुगमन तथा मूल्याङ्कन

१२.४ तहगत समन्वय र सहकार्य

१२.५ अनुसन्धान र विकास

१२.६ आयोजना बैंक व्यवस्थापन

१२.७ बहुक्षेत्रीय पोषण

१२.८ समावेशीकरण र सशक्तिकरण

१२.९ मानव संसाधन विकास

१२.१० विपद् व्यवस्थापन

१२.११ सहकारी व्यवस्थापन

१२.१२ श्रम तथा रोजगारी

१२.१३ योजनाको कार्यान्वयन, अनुगमन, समीक्षा र प्रतिवेदन

**१३ समष्टिगत नतिजा खाका**

**१४ मन्त्रालय/निकायगत नतिजा खाका**